झिमरूक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मच्छी, प्यूठान

# बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति : २०७५/९/३**

यस कार्यालयको लागि आ.व. ०७५।०७६ को लागि आवश्यक पर्ने तपसिलमा उल्लिखित सामान शिलवन्दी बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरू :**

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र चालु आ.ब. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवम् आ.ब. ०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, प्रोपाइटर स्वंयम उपस्थित हुन नसकेमा निजको आधिकारिक मन्जुरीनामा संलग्न राखी लिखित निवेदन पेश गरी रु ३०००/- राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस झिमरुक गाउँकार्यपालिकाको कार्यालय, मच्छी, प्यूठानबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको बोलपत्र फाराम, सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र यस गाउँपालिकाको नाममा सम्बोधन गरी शिलवन्दी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी शिलवन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, खरिद सूचना नं. र ठेक्का नं. समेत उल्लेख गरी यस गाउँपालिकाको कार्यालयमा तोकिएको समय भित्रै दर्ता गराई सक्नुपर्नेछ। सो शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन दिउँसो २:०० बजे विभिन्न कार्यालयका प्रतिनिधि र बोलपत्रदाता वा निजहरुको अख्तियारीनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। बोलपत्रखरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोही समयमा हुनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रकर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात शिलवन्दी बोलपत्र फारामसाथ पेश गर्नु पर्नेछ।

४. बोलपत्रसाथ जमानत बापत तपसिलमा उल्लेख गरे बमोजिमको जमानत रकम झिमरुक गाउँकार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय, खलंगा, प्यूठानमा रहेको धरौटी खाता नं. ग-३, ०५२०३०००००००३००००२५ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस गाउँकार्यपालिकाको नाममा मान्यता प्राप्त बाणिज्य बैंकवाट जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानतपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ।

५. दररेट अक्षर र अंक दुवैमा लेख्नु पर्नेछ। अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। साथै पेन्सिलले लेखेको, टिपेक्स लगाई लेखेको ठाउँमा दायाँवायाँ हस्ताक्षर नगरेकोलाई मान्यता दिइने छैन।

६. आपूर्तिकर्ताले आपूर्ति गर्ने सामाग्री नेपाल राज्यमा उत्पादित वस्तुको हकमा NS (एन.एस) चिन्ह र विदेशमा उत्पादित वस्तुको हकमा IS (आइ.एस.) चिन्ह स्पष्ट रुपमा अंकित हुनु पर्नेछ।

७. बोलपत्र कर्ताले खरिद कारवाहीमा भागलिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाँझिएको र सम्वन्धित पेशा वा व्यवसायी सम्वन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा स्वःघोषणा गरेको कागजात शिलवन्दी दरभाउपत्र फाराम साथ पेश गर्नु पर्नेछ।

८. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै पनिशर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

९. पेश भएको बोलपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ। बोलपत्र सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा www.jhimrukmun@gmail.com वा यस गाउँपालिकाको कार्यालयमा आई बुझ्न सकिने छ।

१०. शिलवन्दी बोलपत्र दाखिला गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको बोलपत्र फाराम खरिद गर्नु पर्नेछ र सोही फारामको प्रत्येक पानामा बोलपत्रदाताको फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ। एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र फाराम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन। यदि सो अनुसार भएको पाइएमा निजको बोलपत्र रद्ध गरिनेछ।

११. बोलपत्रको मान्य अवधि वोलपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ९० दिनको हुनुपर्नेछ.।

१२. बोलपत्र सम्वन्धी सम्पूर्ण कुराहरु यसमा उल्लेख भएकोमा उल्लेख भए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारकाअन्य ऐन, नियमहरु बमोजिम हुनेछ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्रको दस्तुर | लागतअनुमान मु.अ.कर. सहित | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | JRM/P/NCB- ०३/०७५-७६ | पाईप आपूर्ति | ३,०००।- | २२,४५,८५५।- | ५६,१४७।- | |
| २ | JRM/P/NCB-४/०७५-०७६ | जस्तापाता आपूर्ति | ३,०००।- | ३३७९१५२।- | ८४,४७९।- | |

**कमल प्रसाद भुसाल**
**प्रमुख प्रशासकीय अधिकृत**